पाठ - ८

# लौ आयो ताजा खबर

## शब्दभण्डार

१. **दिइएका अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस्:**

(क) पत्रपत्रिका - अखबार
(ख) मञ्चको छेउछाउको भाग - नेपथ्य ?
(ग) रमिता - तमासा
(घ) विपत् - आपत्
(ङ) एम्बुलेन्सले बजाउने आवाज - साइरन

२. **दिइएका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

(क) मधुरो प्रकाश – अलि अलि उज्यालो
(ख) बस बिसौनी – बस चढ्न र ओर्लन रोकिने ठाउँ
(ग) ताजा खबर – नयाँ समाचार
(घ) निन्दनीय कार्य – निन्दा गर्नुपर्ने काम
(ङ) जीवनको अध्याय – जिन्दगीको कालखण्ड
(च) प्रस्थान गर्नु – बाहिर जानु
(छ) भविष्यको लट्ठी – भोलिको सहारा

३. **दिइएका शब्दहरूको विपरीत अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

| **शब्द** | **विपरीत अर्थ दिने शब्द** |
|---|---|
| बासी | ताजा |
| चहकिलो | मधुरो |
| दोष | निर्दोष |
| पराइ | आफन्त |
| भाग्यमानी | अभागी |
| बन्धन | मुक्त |
| अदृश्य | दृश्य |

४. **दिइएका आशय झल्कने उखान लघुनाटकबाट खोजेर लेख्नुहोस्:**

(क) **इच्छाशक्ति भए जुनसुकै काम गर्न सकिन्छ ।**
जहाँ इच्छा त्यहाँ उपाय

(ख) **अरूलाई पर्ने समस्या तपाईँलाई पनि पर्छ ।**
अरूलाई खाने बाघले तपाईँलाई पनि खान सक्छ ।

५. **तपाईंले सुनेका/पढेका पाँचओटा उखान लेखी वाक्यमा प्रयोग गर्नुहोस् :**

➲ (क) जो होचो उसका मुखमा घोचो - रमेश कक्षाको सबैभन्दा सोझो विद्यार्थी हो। कक्षामा अरूले बदमासी गरे पनि जो होचो उसका मुखमा घोचो भनेझैं दोष रमेशलाई लगाउँछन्।

(ख) मुखमा रामराम बगलीमा छुरा - मुखमा रामराम बगलीमा छुरा भनेझैं धर्मानन्द छिमेकीका अगाडि सबै कुरा ठिक्क पार्छन, पछि भने उनीहरूकै कुरा काट्दै, बद्ख्वाइँ गर्छन्

(ग) जुन जोगी आए पनि कानै चिरेका - मन्त्री फेरिएपछि मेलम्चीको पानी आउला भनेको त जुन मन्त्री आएपनि मेलम्चीको पानी काठमाडौं आइपुगेन। जुन जोगी आएपनि कानै चिरेका भनेको यही हो।

(घ) आकाशको फल आँखा तरी मर -मुखियाका घरमा भएको भकारीभरि अन्न त त्यही गाउँका गरिब किसानका लागि आकाशको फल आँखा तरी मर भनेझैं हो। एक गेडो कसैले पाउने होइन।

(ङ) काम गर्ने कालु मकै खाने भालु - रातदिन जन श्रमदान गरेर गाउँलेले बाटो बनाए। बाटो बनेपछि उद्घाटनमा आएका मन्त्रीले गाउँपालिका अध्यक्षलाई बधाइ दिए। काम गर्ने कालु मकै खाने भालु भनेको यही हो।

६. **दिइएका टुक्काहरूलाई वाक्यमा प्रयोग गर्नुहोस्:**

➲ (क) खरानी हुनु - कुलतमा लागेर छोराले ज्यान गुमाएपछि छोरालाई पढाएर असल बनाउने मानेको सपना खरानी भयो।

(ख) पेट पाल्नु - दिनरात काम गर्ने किसानलाई पेट पाल्न धौधौ छ। नेता भने चिल्लो कार चढेर हिँड्छन्।

(ग) कुरा खानु- खै, तपाईंले मेरो कुरै खानु भएन। यो पहिरो जाने ठाउँमा वृक्षरोपण गर्नुहोस् भनेकै थिएँ।

(घ) टाउको खानु - यो गणितको समस्याले पनि मेरो टाउको खायो, कति गरे पनि उत्तर मिल्दै मिल्दैन।

(ङ) कुरा दोचार्नु - मनकुमारी कुरा दोचार्न सार्है सिपालु छे।

(च) आलु खानु- प्रथम परीक्षामा चामेले २ विषयमा आलु आयो।

(छ) सपना चकनाचुर हुनु - नेताको खराब चरित्रले देश समृद्ध बन्ने नेपालीको सपना चकनाचुर भयो।

(ज) सपना पूरा हुनु - विश्वविद्यालयको शिक्षा पूरा गरेर छोराले स्वदेशमै राम्रो जागिर पाएपछि गरेको सपना पूरा भयो।

## बोध र अभिव्यक्ति

१. **छोटो उत्तर दिनुहोस्:**

(क) **यस लघुनाटकमा कस्तो विषयलाई प्रस्तुत गरिएको छ ?**

➲ यस लघुनाटकमा युवा पुस्तामा दुर्व्यसनले पारेको प्रभाव, त्यसले ज्यानै लिएको दुःखद विषयलाई प्रस्तुत गरिएको छ।

(ख) **यस लघुनाटकमा कति जना मञ्चीय पात्रहरू छन् ।**

➲ यस लघुनाटकमा ८ जना मञ्चीय पात्रहरू छन् ।

(ग) **यस लघुनाटको पात्रका संवादमा कुन कुन भाषाको प्रभाव देख्न सकिन्छ ?**

➲ यस लघुनाटकको पात्रको संवादमा नेपाली, हिन्दी, भोटे, नेवारी भाषाको प्रभाव देख्न सकिन्छ ।

(घ) **यस लघुनाटकमा कुन परिवेशलाई समेटिएको छ?**

➲ यस लघुनाटकमा समाजका युवापुस्तामा दुर्व्यसनको असर पर्दै जान थालेको र अभिभावकहरू सचेत हुँदै गएको सहरोन्मुख परिवेश समेटिएको छ ।

२. **सबैभन्दा मिल्दो उत्तरमा रेजा (√) लगाउनुहोस्:**

(क) **'लौ आयो ताजा खबर' कस्तो लघुनाटक हो?**

➲ (आ) सामाजिक

(ख) लौ आयो ताजा खबर लघुनाटकको परिवेश कुन हो ?

➲ (ई) सहरोन्मुख परिवेश

(ग) 'लौ आयो ताजा खबर' लघुनाटकमा कस्तो भाषिक समाज देखाइएको छ?

➲ (अ) बहुभाषिक समाज

(घ) नाटकको मुख्य पात्र को हो ?

➲ (आ) दाह्री बाबा

(ङ) 'लौ आयो ताजा खबर' लघुनाटकमा कति दृश्य छन्?

➲ (अ) एक

(च) लौ आयो ताजा खबर लघुनाटकका मुख्य सहायक पात्र कुन हो ?

(इ) पत्रिका बेच्ने केटो

३. **दिइएको संवाद कसले भनेको हो, वक्ता पहिल्याउनुहोस् :**

➲ (क) हैन, के तमासा यो ? मैल त केही बुझिनँ

– दाह्री बाबा

(ख) सुन्नुस त । अघि बिहान एउटा युवकको लास भेटिएको ठाउँ यही हो ?

– नरहरि

(ग) नहीं ....... । वह अपना छोरा रामदयाल नै हो ।

– दीनदयाल्

(घ) त्यसको हातमा इन्जेक्सन जस्तो वस्तु थियो, देख्यो ?

– दोर्जे

(ङ) मुखमुख ! होइन, व न्हुच्छे ने हो ।

– तुयुमै

(च) मैले यही बुढो हातले मेरो सहारा भविष्यको लट्ठी कुमारलाई दागबत्ती दिएर आउँदै छु।
- कुमारका बाबु

(छ) काका नरुनुस यसरी। अब कुमार फर्केर आउँदैन।
- सलिम

(ज) तपाईंहरू सबैलाई मेरो बिन्ती छ। अहिल्यै खोज्नुहोस् आफ्ना छोराहरू र उपचार गर्नुहोस्। आवश्यक परे सुधार गृहमा लगेर राख्नुहोस् तर ढिला नगर्नुहोस् नत्र सबथोक बर्बाद हुन्छ।
- कुमारका बा

(झ) लाक्पा ! खोराङ्ग खा वा दु ? तिमी कता छौ छोरा ?
- दोर्जे

(ञ) तपाईंले उसको अनुहार देख्नुभएको थियो ?
- केटो

४. **पर्खनुहोस् ! जानुभन्दा .......मिलेर गरौँ, नाट्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

होइन भाइ। जब तिमी हाम्रो देशमा चेतनाको बिहानी लिएर उदाउँछौ, हाम्रा युवा शक्ति दुर्व्यसनबाट मुक्त भएको खबर लिएर आउँछौ अनि मात्र तिम्रो पत्रिकाको खबर ताजा र स्वच्छ हुन्छ। होइन भने तिम्रो खबर बासी नै हुन्छ। (सबै गलल्ल हाँस्छन्, दृश्य मूर्तिवत् हुन्छ।)

(क) **'देश नबने हामी कोही बन्दैनौँ' भन्ने वाक्यको तात्पर्य खुलाउनुहोस्।**

➲ देश हामी सबैको साझा घर हो। घर राम्रो भए सबै राम्रो हुन्छ। हामी जति नै सुखी सम्पन्न भएपनि देश समृद्ध छैन भने त्यसको कुनै अर्थ रहँदैन। देश कुनै एक वा दुई व्यक्तिको मात्र पनि होइन। हामी बस्ने देश बन्नु वा समृद्ध नबन्नु भनेको हामी पनि त्यस्तै हुनु हो भन्नु नै यस वाक्यको तात्पर्य हो।

(ख) **खुसी भएर बाँच्न के गर्नुपर्छ ?**

➲ खुसी भएर बाँच्न एकअर्काको सुखदुःख साटासाट गरी मिलेर बाँच्नुपर्छ। एकअर्काका समस्या मिलेर समाधान गरी मिलेरै अघि बढ्नुपर्छ।

(ग) **सामुहिक अभियान किन चलाइएको हो ?**

➲ दुर्व्यसनको जडलाई उखेल्न एक वा दुई व्यक्तिको प्रयासले मात्र सम्भव नहुने हुनाले यस रोगलाई समाप्त पार्न सामुहिक अभियान चलाइएको हो।

(घ) **कस्तो अभभिावकलार्य कर्तव्यनिष्ठ अभिभावक भनिन्छ ?**

➲ आफ्ना सन्तानको उचित रेखदेख गर्ने, उनीहरूका दैनिक कार्य व्यवहारप्रति सचेत हुने र समाजका अन्य अभिभावकका छोराछोरीका समस्या समाधान गर्ने सामुहिक अभियानमा हातेमालो गर्ने अभिभावकलाई कर्तव्यनिष्ठ अभिभावक भनिन्छ।

५. **दिइएको नाट्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

उः फेरि अर्को आफन्तको आगमन भयो। वाह!! दुनियाँमा केवल दुइटै मान्छे मात्र हुँदा रहेछन्, एउटा मरेको मान्छे, अनि अर्को जन्मिँदै नजन्मेको मान्छे। अघिसम्म मैले त्यो मर्ने केटालाई अभागी हुन सक्छ भन्ने सोचेको थिएँ। तर त्यो अहिले गलत

साबित भयो। अहिले उसका तीन तीन जना त बाउ नै निस्किसके। एउटी सिङ्गै आमा त प्रकट भइसकिन्। के थाहा, दिनभरिमा अझै कति बाउआमाहरू आउने हुन् ?

(अ) **लघुनाटकमा आफन्तको आगमन भइरहनुको कारण के हो ?**

➲ लघुनाटकमा आफ्ना सन्तानलाई खोज्न आफन्तको आगमन भइरहेको हो। यस नाटकमा मान्छेहरूले बेवारिसे मान्छेको लास लगेका छन्। यस नाटकमा अभिभावकका रूपमा आएका पात्रहरू नरहरि, दीनदयाल, तुयुमैं, दोर्जे जस्ताका सन्तान दुर्व्यसनको कुलतमा फसेका रहेछन् र त्यो बेवारिसे लास सबैले आफ्नै सन्तानको हो भन्ने अनुमान गरेका छन्। उनीहरू आफ्नो सन्तानलाई खोज्दै हिँडेका छन्। अखबारमा बेवारिसे लास भेटिएको खबर छापिएपछि ती अभिभावक आफ्नो सन्तानको खोजीमा रहेकाले लघुनाटकमा आफन्तको आगमन भइरहेको हो।

६. **दिइएको नाट्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्:**

ठिक भन्नुभो बाबा। सन्तानको सुख र शिक्षाका लागि भन्दै म रातदिन खटिएँ तर मैले मेरो छोरालाई समय दिइन। उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिन। उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिन। ऊ कहाँ गयो, के गऱ्यो, के खायो भनेर ख्याल गरिन। म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहेँ। उसले मागे जति पैसा दिइरहेँ तर ऊ त धेरै पहिलादेखि दुर्व्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपऱ्यो।

**प्रश्नहरू**

(अ) **यस नाट्यांशमा वक्ताले आफ्ना के कस्ता कमजोरी रहेको स्वीकारेका छन् ?**

➲ यस नाट्यांशमा वक्ताले आफू आफ्नो सन्ताका व्यवहार क्रियाकलाप र उसका साथीसङ्गतका बारेमा जानकारी नराखेको वा सचेत नभएको कमजोरी स्वीकारेका छन्। वक्ताले सन्तानको पढाइका बारेमा जानकारी नराखेको, सन्तानलाई पैसा दिएमात्र सबैथोक पुगिहाल्छ भन्ने सङ्कीर्ण सोच राखेको, जस्ता कमजोरी स्वीकारेका छन्।

(आ) **यस नाट्यांशमा व्यक्त समस्या कसरी समाधान गर्न सकिएला ?**

➲ यस नाट्यांशमा व्यक्त समस्या समाधान गर्नका लागि सबैभन्दा पहिला अभिभावक वर्ग आफ्ना सन्तानको दैनिकव्यवहार र क्रियाकलापप्रति सचेत हुनुपर्दछ। युवाअवस्थामा प्रवेश गरेका आफ्ना सन्तानका साथीभाइ, खानपान, कार्य आदिमा विशेष निगरानी राखी आवश्यक परेमा सल्लाह सुझाव र उनीहरूको मनोबल उच्च राख्ने प्रयास गर्नुपर्छ। किशोर तथा युवाअवस्थामा प्रवेश गरेका आफ्ना सन्तानमा आएका शारीरिक तथा मानसिक परिवर्तन र त्यसको प्रभावका बारेमा जानकारी राखी उचित परामर्श र सल्लाह सुझाव दिनु आवश्यक हुन्छ। धनसम्पतिभन्दा सन्तान ठूला हुन् भन्ने कुरा सबै अभिभावकले बुझ्न सकेमा दुर्व्यसन लगायत अन्य किसिमका कुलतबाट आफ्ना सन्तानलाई बचाउन सकिन्छ। त्यस्तै युवायुवतीहरूले पनि जीवनको महत्त्वलाई बुझेर आफू सचेत भइ अघि बढ्न सकेमा यस प्रकारको समस्या समाधान हुन्छ।

७. **व्याख्या गर्नुहोस् :**

(क) **दुर्व्यसनको जडलाई उखेल्ने काम एउटा व्यक्तिले मात्र गर्न सक्दैन ।**

यो भनाइ सत्य हो । दुर्व्यसनको जडलाई उखेल्ने काम एउटा व्यक्तिले मात्र गर्न सक्दैन । दुर्व्यसन कुनै पनि समाजको खतरनाक समस्या हो । समाजबाट यसलाई हटाउनका लागि सामुहिक अभियानको आवश्यकता पर्छ । कुनै पनि समाजका खास गरेर युवायुवती विभिन्न कारणले गाँजा, चरेस, कोकिन, जाँड रक्सी जस्ता लागू पदार्थको सेवनमा लागेका हुन्छन् । साथीसङ्गतको लहैलहैमा, अरुको देखासिकी गरेर वा समाजिक सञ्जालमा देखिने नकारात्मक गतिविधिको प्रभावमा परेर कतिपय मानिस दुर्व्यसनको सिकार बनेका हुन्छन् । लागू पदार्थको सेवनका कारण त्यस्ता व्यक्तिको स्वास्थ्यमा गम्भीर असर परेको हुन्छ भने वर्षेनी हजारौँ मानिसले दुर्व्यसनकै कारण अकालमा ज्यान गुमाइरहेका हुन्छन् ।

हाल नेपालमा मात्र नभइ विश्वका विभिन्न देशमा दुर्व्यसनकामा लाग्ने मानिसको सङ्ख्या बढिरहेको छ । यस खतरनाक समस्यालाई आफ्नो समाज र राष्ट्रबाट हटाउन सबै सचेत भई सामुहिक रुपमा अघि बढ्नु पर्छ । यसका विरूद्ध चेतना फैलाउने तथा दुर्व्यसनमा संलग्न व्यक्तिलाई सुधारगृहमा राख्ने, उसलाई आवश्यक परामर्श दिने कार्य गर्नु आवश्यक हुन्छ । यस रोगलाई निर्मूल गर्न परिवारका सदस्य, समाजका अगुवा तथा स्थानीय प्रशासन, स्थानीय क्लव, संघसंस्थाहरूले चेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । दुर्व्यसनको प्रभावका बारेमा चेतनामूलक लघुनाटक, चलचित्र आदिको व्यवस्था गर्न पनि सक्नुपर्छ । एक व्यक्तिले मात्र दुर्व्यसनको जरो उखेल्न सम्भव नभएकाले समाजका सबै सदस्य एक जुट भई आफ्नो समाजलाई दुर्व्यसनमुक्त समाज बनाउन सकेमा क्रमशः राष्ट्र र विश्व नै यस समस्याबाट मुक्त हुन सक्छ ।

८. **समीक्षात्मक उत्तर लेख्नुहोस्:**

(क) **लौ आया ताजा खबर लघुनाटकको मुख्य पात्रको चरित्र चित्रण गर्नुहोस्:**

➲ लौ आयो ताजा खबर लघुनाटकको मुख्य पात्र दाह्री बाबा हो । उसको चरित्रचित्रण निम्नलिखित अनुसार गरिएको छ ।

यो लघुनाटक वर्तमान समयमा युवा वर्गमा फैलिँदै गएको विकृति दुर्व्यसनसँग सम्बन्धित छ । दुर्व्यसनमा लागेका युवावर्गलाई आफ्ना अभिभावक र सिङ्गो समाज मिलेर असल बाटोमा ल्याउनुपर्छ भन्ने भावना बोकेको दाह्री बाबा असल पात्र हो । दाह्री बाबा नाटकमा फिरन्ते साधुजस्ता देखिएका छन् । बसबिसौनी नजिकको चौतारीमा बसेका दाह्री बाबाले दुर्व्यसनका कारण मृत्युको मुखमा पुगेको युवालाई एम्बुलेनसमा हालेर लगेको देख्ने दाह्री बाबा प्रत्यक्ष साक्षी हो । दाह्री बाबा प्रत्येक अभिभावकले आफ्ना सन्तानलाई उचित रेखदेख गर्नुपर्छ भन्ने असल विचार भएको, प्रगतिवादी सोच भएको पात्र हो । ऊ सबै मानिसप्रति समान भाव राख्छ । युवा वर्गको बल बुद्धिकै माध्यमबाट देश समृद्ध बन्न सक्छ भन्ने दाह्री बाबा नाटकको आदर्श पात्र हो । आफ्ना असल कुरा अरूलाई बुझाउन र सम्झाउन सक्ने सचेत पात्र हो । उसको चरित्र राम्रो छ ।

**(ख) लौ आयो ताजा खबर लघुनाटकमा व्यक्त मुख्य सन्देशमाथि प्रकाश पार्नुहोस्:**

➲ लौ आयो ताजा खबर लघुनाटकले हाम्रो समाजका युवावर्गलाई दुर्व्यसनजस्तो खराब लतबाट जोगाउनुपर्छ भन्ने सन्देश दिएको छ। युवावर्ग देशका मेरुदण्ड भएकाले उनीहरू नै दुर्व्यसनको शिकार बन्न पुगे भने देशको भविष्य अन्धकार हुन्छ त्यसैले युवावर्गका अभिभावकले आफ्ना सन्तानको व्यवहारप्रति उचित ध्यान पुऱ्याउनुपर्छ भन्ने सन्देश नाटकले प्रस्तुत गरेको छ। अभिभावकले आफ्ना सन्तानका साथी, सङ्गत व्यवहार, खानपान, चालचलन आदिको रेखदेखका लागि समय छुट्याउनुपर्छ भन्ने सन्देश पनि यस लघुनाटकले दिएको छ।

हाम्रो मुलुकको युवावर्गमा देखिएको खराब प्रवृति दुर्व्यसनको जरोलाई उखेल्न कुनै एक वा दुई व्यक्तिको प्रयास मात्र पर्याप्त नहुने हुनाले आफ्नो समाजका सबै मानिस सचेत भई हातेमालो गरेर अघि बढ्नुपर्छ भन्ने सन्देश यस लघुनाटकले प्रस्तुत गरेको छ। आफ्ना सन्तानलाई पैसा दिए सबै कुरा पुग्छ भन्ने पैसामुखी बाबुआमालाई पनि नाटकले यस्तो गलत सोचमा नलाग्न सन्देश दिएको छ।

**१०. निम्नानुसारका ढाँचामा 'लौ आया ताजा खबर' लघुनाटकको समीक्षा गर्नुहोस् :**

**(क) लौ आयो ताजा खबर लघुनाटकको संवाद योजना कस्तो छ?**

➲ लौ आयो ताजा खबर लघुनाटकको संवाद योजना उचित नै देखिन्छ। यसमा विषयवस्तु र पात्र अनुकूल संवाद प्रयोग गरिएका छन्। पात्रले बोलेका संवादहरू कुनै कुनै निकै लामा प्रकारका छन् भने कुनै निकै छोटो छन्। नाटका पात्र दाह्री बाबा र कुमारले बोलेका संवादमा सन्देश समेत पाइन्छ।

**(ख) लौ आयो ताजा खबर लघु नाटकको भाषाशैली कस्तो छ?**

➲ लौ आयो ताजा खबर लघुनाटकको भाषाशैली मिश्रित किसिमको छ। यहाँ पात्रअनुकुलको भाषाको प्रयोग भएको छ। भाषा प्रयोगमा राष्ट्रभाषा नेपाली बाहेक अन्य केही राष्ट्रिय भाषा बोल्ने पात्रका संवादलाई उनीहरूकै मातृभाषामा बोल्न लगाइएकाले तिनका संवाद बुझ्न केही कठिन हुने देखिन्छ।

**(ग) 'लौ आयो ताजा खबर' लघुनाटकको शीर्षक कसरी सार्थक रहेको छ?**

➲ लौ आयो ताजा खबर लघुनाटकको शीर्षक सार्थक रहेको छ। दुर्व्यसनका कारण मृत्यु भएको एउटा युवकको लाशलाई एम्बुलेन्समा हालेर लगेको विषय यसमा प्रस्तुत भएको छ। यस किसिमका दुःखद घटना देशमा दिनहुँजसो घट्ने र ती घटनालाई पत्रपत्रिकाले प्राथमिकताका साथ छाप्ने भएकाले ती समाचार ताजा खबर बन्छन्। नाटकका पनि बस बिसौनी छेउमा भेटिएको युवको लाशको खबर पत्रिकामा छापिएको र पत्रिका बेच्नेले पनि त्यस समाचारलाई आधार बनाई कराउँदै पत्रिका बेच्दै हिँडेकाले लौ आयो ताजा खबर शीर्षक सार्थक नै देखिन्छ। यद्यपि यसबाहेक यसमा प्रस्तुत विषयवस्तु अनुसार 'दुर्व्यसन' 'खराब लतको परिणाम' 'दुव्यसनका कारण मृत्यु' आदि शीर्षक राख्न पनि सकिन्छ।

**११. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्:**

जीवविज्ञानका विषयमा सर्वप्रथम आफ्ना विचारहरू प्रकट गर्ने एक महान् युनानी दार्शनिक अरस्तु हुन्। उनकै पालादेखि नै जीवविज्ञानको क्रमबद्ध रुपमा विकास

भएको हो। उनले नै जीवजन्तुका विभिन्न पक्षका विषयमा आफ्ना विचार प्रकट गरेका छन्। जीवविधानको एउटा शाखा प्राणीविज्ञान वा प्राणीशास्त्र हो। अङ्ग्रेजीमा यसलाई जुलोजी भनिन्छ। यसले जीवलाई सङ्केत गर्दछ। जीवन पनि प्राणी र वनस्पति आदि विभिन्न प्रकारका हुन्छन्। विज्ञानको एक शाखा जसले प्राणीहरूको सूक्ष्म अध्ययन गर्दछ, त्यो नै प्राणीविज्ञान हो। यसअन्तर्गत विभिन्न प्राणीहरूका बारेमा अध्ययन अनुसन्धान गरिन्छ। प्राणीशास्त्रको अध्ययन विभिन्न क्षेत्रसँग गाँसिएको हुन्छ। यसको अध्ययन शाखा पनि बृहत् छन्। यसले चिकित्सा विज्ञान, नर्सिङ विज्ञान, आयुर्वेद विज्ञान, प्रयोगशाला विज्ञान आदि विभिन्न विषयको गहन अध्ययन गर्दछ। या त हाम्रो दैनिक जीवनसँग पनि जोडिएर आएको छ। प्राणीशास्त्रको अध्ययनले हामीलाई प्रकृतिसँग नजिक बनाउँछ। यसले गर्दा मानिस र प्रकृतिबिचको दुरी कम गर्दछ। हरेक प्राणी यस धर्तीका अभिन्न अङ्ग हुन्। हामीले तिनीहरूको सुरक्षा गर्नुपर्छ भन्ने ज्ञान लिन सकिन्छ। यदि प्राणीको दोहन भएमा जैविक विविधतामा ह्रास आई पृथ्वी नै सङ्कटमा पर्न सक्छ। किनकि प्रत्येक प्राणी हाम्रो पारस्परिक चक्रका लागि आवश्यक छन्। तसर्थ प्राणीशास्त्र जीवन जगत्को महत्त्वपूर्ण अङ्ग हो।

**प्रश्नहरू**

(क) **प्राणीशास्त्रले कुन विषयको अध्ययन गर्छ ?**

➲ प्राणीशास्त्रले जीवका बारेमा अध्ययन गर्छ।

(ख) **जीवजन्तुको दोहनले प्रकृतिमा कस्तो असर पर्न सक्छ?**

➲ जीवजन्तुको दोहनले प्रकृतिमा प्रतिकूल असर पर्छ। जीवजन्तुको दोहन भएमा जैविक विविधतामा ह्रास आई पृथ्वी नै सङ्कटमा पर्न सक्छ।

(ग) **प्राणीशास्त्रको अध्ययनले हामीलाई कसरी प्रकृतिसाग नजिक बनाउँछ ?**

➲ प्रत्येक प्राणी प्रकृतिका अभिन्न अङ्ग हुन, प्राणी हाम्रो पारस्परिक चक्रका लागि आवश्यक छन् भन्ने ज्ञान दिने हुनाले प्राणीशास्त्रको अध्ययनले हामीलाई प्रकृतिसँग नजिक बनाउँछ।

(घ) **'दोहन' र पारस्पकि शब्दका अर्थ लेख्नुहोस्।**

➲ दोहन = अधिक प्रयोग गर्नु, दुहुने काम

पारस्परिक = परस्परको, आपसी

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ र सुनी खाली ठाउँ भर्नुहोस् :**

सामान्यतः सोन्ह वर्षदेखि चालिस वर्ष उमेर समूहका मानिसलाई युवा भनिन्छ। समाजमा देखिएका विकृति विसङ्गति हटाउन यस समूहका मानिसको महत्त्वपूर्ण भूमिका रहन्छ।

जहाँका युवाहरू शिषित र सुसंस्कृत हुन्छन्, त्यहाँ अन्धविश्वास र कुरीतिले स्थान पाउँदैन। शिक्षित युवाले अन्ध रुढिवादी परम्परालाई फाल्न सक्छन्। समाजमा शिक्षाको ज्योति छर्न सक्छन्। चेतनाको उज्यालो बाँड्न सक्छन्। जब समाजमा

युवा वर्ग शिषित र सुसंस्कृत हुन्छन्, त्यहाँ गरिबी स्वतः हटेर जान्छ। साङ्गठनिक रूपमा रहेको आपराधिक गतिविधि बढ्न पाउँदैन। लागुपदार्थको दुर्व्यसन जस्तो युवाघातक विकृतिलाई उनीहरूले मात्र निमिट्यान्न पार्न सक्छन्। समाजमा श्रमप्रति श्रद्धाभाव जगाई सबै युवालाई आफ्नो क्षमता र दक्षता अनुसारको काम गर्न प्रेरणा प्रदान गर्दछन्। समाजमा रहेको भ्रष्टाचारको भण्डाफोर गर्न सक्छन्। यसका कारण र स्रोतहरू पत्ता लगाई समाजबाट भ्रष्टाचारको जरो उखेलेर सदाका लागि मिल्काउन सक्छन्। दोषीलाई दण्डसजाय र असल मानिसलाई पुरस्कृत गर्न सक्छन्।

यसका लागि युवा वर्ग सङ्गठित रूपमा लाग्नुपर्दछ। एक्लै थुकी सुकी सयले थुकी नदी भने जस्तै सबै युवा एकसाथ मिलेर समाजमा देखापरको यावत् विकृति निर्मूल पार्न लाग्ने हो भने यो सम्भव छ। अब समाजलाई बर्बाद हुन नदिई सम्पूर्ण युवाहरू यस कार्यमा एकसाथ जुट्न जरूरी छ।

(क) यस्ता विकृति र विसङ्गति हटाउन युवा वर्गको महत्त्वपूर्ण भूमिका हुन्छ।
(ख) साङ्गठनिक रूपमा रहेको आपराधिक गतिविधि बढ्न पाउँदैन।
(ग) लागुपदार्थको दुर्व्यसन जस्तो युवाघातक विकृतिलाई उनीहरूले मात्र निमिट्यानन पार्न सक्छन्।
(घ) समाजमा श्रमप्रति श्रद्धाभाव जगाई सबै युवालाई आफ्नो क्षमता र दक्षता अनुसारको काम र प्रेरणा प्रदान गर्दछन्।
(ङ) समाजमा रहेको भ्रष्टाचारको भण्डाफोर गर्न सक्छन्।

२. **युवाहरूले समाज सुधारका लागि के कस्ता कामहरू गर्न सक्छन्, बताउनुहोस्।**

➲ युवाहरूले समाज सुधारका लागि निम्नलिखित कार्यहरू गर्न सक्छन्

(क) समाजमा व्याप्त विभिन्न विकृति हटाउन,
(ख) जातीय भेदभावका विरूद्ध चेतनामूलक काम गर्न,
(ग) अन्धविश्वास विरूद्ध चेतना फैलाउन,
(घ) दुर्व्यसनजस्ता रोगको जरो उखेल्न
(ङ) मठमन्दिर तथा पाटीपौवा संरक्षण गर्न,
(च) समाजमा हुने कतिपय आपराधिक गतिविधि नियन्त्रण गर्न। युवा वर्गले यी यस्तै अन्य राम्रा कार्यहरू गर्न सक्छन्।

३. **हाम्रो समाजमा रहेका अन्धविश्वास हटाउन के गर्नुपर्ला, कक्षामा छलफल गरी भन्नुहोस्।**

**(कक्षामा छलफल गर्न सकिने)**

## भाषातत्त्व

**प्रत्यय**

१. **दिइएको अनुच्छेदबाट प्रत्यय लागेका शब्द पहिचान गरी सूची बनाउनुहोस्:**

अब त्यो केटाको लासमाथि पनि राजनीति चल्छ होला। एउटा पार्टीले भन्ला, त्यो फलानो पार्टीको निन्दनीय कार्य हो। अर्को पार्टीले थप्ला, होइन यो त ढिस्काना

पार्टीको घिनलाग्दो षडयन्त्र हो। यसै विषयलाई लिएर नारा, जुलुस बन्द, हड्ताल हुन्छ। सत्तामा पुग्ने सरकार परिवर्तन गर्ने खेल हुन थाल्छ। मर्ने मरिसके अब यही विषयमा हजारौँ मारिन्छन्, सर्वसाधारण जनताले सास्ती भोग्नुपर्छ । दैनिक ज्यालादारी गरी भोकभोकै बस्नुपर्ने हुन्छ। यस घटनाले गर्दा पार्टीहरू चलायमान हुन्छन्।

➲ प्रत्यय लागेका शब्दहरू

निन्दनीय, कार्य, दैनिक, जनता, चलायमान

२. **दिइएको अनुच्छेदबाट प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस्:**

पर्खनुसु! जानुभन्दा पहिला अरूको आँसुको मूल्य पनि बुझेर जानुस् । तपाईं आफ्नो आपत् मा विचलित हुनुहुन्छ । तर अरूको आपत्मा हाँस्नुहुन्छ । एउटा चेतनशील मान्छे भएर पनि तपाईँभित्र खै अपनत्वको भावना? अरूलाई खाने बाघले तपाईँलाई पनि खान सक्छ। अरूलाई पर्ने समस्या तपाईँलाई पनि पर्छ। देश नबने हामी कोही बन्दैनौँ। यो देश कुनै एक व्यक्तिको मात्र होइन। समाजको देश हो। तपाईं हामी सबैको देश हो। त्यसैले एकअर्काको सुखदुःख साटफेर गरी मिलेर बाँचौ । मिलेर समस्यासँग लडौँ। होइन भने भोलि यही पेटीमा तपाईंको नहुच्छे, तपाईंको रामदयाल, तपाईंको नरेन्द्र अनि तपाईको लाक्पा भेटिने छन्। समय अझै वितिसकेको छैन । यो दुर्व्यसनको जडलाई उखेल्ने काम एउटा व्यक्तिले मात्र सक्दैन । यो अभियान असल छोराछोरीको अनि कर्तव्यनिष्ठ अभिभवाकहरूको सामूहिक अभियान हो । यो अभियान एक सचेत नागरिकको हो । यो अभियान तपाईं र हाम्रो हो। त्यसैले यो काम सबै मिलेर गरौँ, मिलेर गरौँ।

| **प्रत्यय ब्युत्पन्न शब्द** | **निर्माण प्रक्रिया** |
|---|---|
| मूल्य | मूल + य |
| बुझेर | बुझ + एर |
| सामूहिक | समुह + इक |
| नागरिक | नगर + इक |
| कर्तव्य | कृ+ तव्य् |
| मिलेर | मिल् + एर |
| पेटी | पेट + ई |

३. **दिइएका शब्दहरूको प्रकृति प्रत्यय छुट्याउनुहोस् :**

| **शब्द** | **निर्माण प्रक्रिया** |
|---|---|
| बोलक्कड | बोल + अक्कड |
| लिखत | लिख् + अत |
| भिडन्त | भिड् + अन्त |
| ढकनी | ढाक + अनि |
| बसाइँ | बस् + आइँ |
| बसाइ | बस् + आइ |

| | |
|---|---|
| बढालु | बढ् + आलु |
| चुनाव | चुन् + आव |
| बनावट | बनाउ + आवट |
| बसाहा | बस् + आहा |
| उडन्ते | उड् + अन्ते |
| सिकारु | सिक् + आरु |
| उडेको | उड् + एको |
| पढैया | पढ् + ऐया |
| सुतुवा | सुत् + उवा |
| झरिलो | झर् + इलो |
| छापा | छाप + आ |
| बढ्दो | बढ् + दो |
| पढ्ने | पढ् + ने |
| लेख्न | लेख् + न |
| हार्नु | हार + नु |
| सिकेर | सिक + एर |
| जितुन्जेल | जित् + उन्जेल |
| दलोट | ढाल् + ओट |
| हाँसो | हाँस् + ओ |
| सँधियार | साँध + इयार |
| मलिलो | मल + इलो |
| धनी | धन + ई |
| धनकुटे | धनकुटा + ए |
| पश्चिमी | पश्चिम + ई |
| पुख्यौली | पुर्खा + यौली |
| तातोपन | तातो + पन |
| झापाली | झापा + ली |
| गाउँले | गाउँ + ले |
| गँजडी | गाँजा + एडी |
| गफाडी | गफ + आडी |
| राम्ररी | राम्रो + अरी |
| बाजुरेली | बाजुरा + एली |
| मुख्याइँ | मूर्ख + याइँ |
| लम्बाइ | लामो + आइ |
| लेकाली | लेक + आली |
| मायालु | माया + आलु |
| सिरान | शिर + आन् |
| निम्तारु | निम्तो + आरु |

| | |
|---|---|
| पतिङ्गर | |
| सहरिया | पात + इङ्गर |
| चिनियाँ | सहर + इया |
| कुरौटे | चिन् + इँया |
| | कुरो + औटे |

४. दिइएका प्रत्यय लगाई एकओटा नयाँ शब्द निर्माण गर्नुहोस्:

| | |
|---|---|
| प्रत्यय | |
| अक्कड | |
| अत | बोल + अक्कड = बोलक्कड |
| अन्त | बच + अत = बचत |
| अन | धोक + अन्त = घोकन्त |
| अनी | दश् + अन = दर्शन |
| आइँ | चाट् + अनी = चटनी |
| आइ | रोप् + आइँ = रोपाइँ |
| आउ | भलो + आइ = भलाइ |
| आलु | चुन् + आउ = चुनाउ |
| आवट | दया + आलु = दयालु |
| आहा | बोल् + आवट = बोलावट |
| अन्ते | घुस् + आहा = घुस्याहा |
| आरु | घोक + अन्ते = घोकन्ते |
| एको | सिक् + आरु = सिकारु |
| उवा | पढ् + एको = पढेको |
| इलो | भात + उवा = भतुवा |
| दो | मल + इलो = मलिलो |
| एर | बग् + दो = बग्दो |
| उन्जेल | जा + एर = गएर |
| ओट | बस् + उन्जेल = बसुन्जेल |
| ओ | ढाल् + ओट = ढलोट |
| इयार | टाल + ओ = टालो |
| ई | हात + इयार = हयिार |
| ए | नेपाल + ई = नेपाली |
| एली | पाखो + ए = पाखे |
| पना | जून + एली = जुनेली |
| ली | धमिलो + पन = धमिलोपन |
| ले | झापा + ली = झापाली |
| आदी | गाउँ + ले = गफाडी |
| अरी | गफ + आदी = गफाडी |
| आईँ/याइँ | यसो + अरी = यसरी |
| आइ | रोप + आईँ = रोपाइँ |
| | भन + आइ = भनाइ |

| | |
|---|---|
| आली | हरियो + आली = हरियाली |
| आलु | दया + आलु = दयालु |
| आन | काट + आन = कटान |
| इङ्गर | पात + इङ्गर = पतिङ्गर |
| इया | सहर + इया = सहरिया |
| औटे | कुरो + औटे = कुरोटे |

## सिर्जना र परियोजना

१. **यातायात दुर्घटना विषयमा एउटा संवाद रचना गर्नुहोस् ।**

➲ (दोलखा जिल्लाको सदरमुकाम चरिकोटको बस बिसौनी नजिकैको सडकमा यात्रुबाहक बसले एउटा मोटरसाइकललाई ठक्कर दिएका कारण दुर्घटना भयो। उक्त दुर्घटनामा मोटरसाइकल चालक सामान्य घाइते भए । उनलाई ट्राफिक प्रहरीले तत्काल उपचारका लागि जिल्ला अस्पतालतर्फ लग्यो । यो दुर्घटना नजिकैबाट देखेका रमेश र नरेशका बिच यातायात दुर्घटनाका बारेमा कुराकानी हुन्छ।)

रमेश – हरे ईश्वर ! धन्न मोटरसाइकल चालकको ज्यान जोगियो ।

नरेश – त्यही त कस्तोसँग हुँइँक्याएर ल्याएको । यस्तो बिच बजारको सडकमा पनि त्यस्तरी दोडाउनु नहुने थियो। कहाँ पुग्न हतार भएको होला ?

रमेश– हो नि यातायात दुर्घटनाका समाचार नआएको त दिनै छैन।

रमेश – यातायात दुर्घटनाका कारण पनि कति मानिसले अकालमा ज्यान गुमाएका छन्। कहिले दर्जनौँ यात्रु बोकेको बस सडकबाट खोलामा खस्छ, कहिले गन्तव्यतर्फ हिँडेका पैदल यात्रुलाई सवारी साधनले ठक्कर दिएर इहलिला समाप्त गरिदिन्छ।

नरेश – खास गरेर हाम्रो देशका सडक संरचनाकै कारण ठूला दुर्घटना हुन्छन् है !

नरेश – सडक संरचना त एउटा कारण मात्र हो। त्यसबाहेक चालकको लापरवाही, मदिरा सेवन, अपरिपक्व चालक, ट्राफिक नियमको उचित प्रयोग नगर्नाले पनि यातायात दुर्घटना बढिरहेका होलान्।

रमेश – तिमीले ठिक भन्यौ । मानिसले केवल सडकलाई मात्र दोष दिन्छन् । सडक राम्रै भएका ठाउँमा पनि त दुर्घटना भएका छन् नि। अघि भएको मोटरसाइलक दुर्घटना सडक नराम्रो भएर कहाँ हो र?

नरेश – यातायात दुर्घटना न्यूनीकरण गर्ने, सवारीचालक, ट्राफिक प्रहरी, पैदलयात्रु सबै सचेत हुनैपर्छ।

रमेश – यस किसिमको विपत्ति बाजा बजाएर नआउने हुनाले सबै पक्ष सचेत हुनै पर्‍यो नि। एकले अर्कालाई दोष थोपरेर भएन क्यारे।

नरेश – यातायात दुर्घटना सतप्रतिशत बन्द गर्न त गाह्रो होला तैपनि न्यूनीकरण गर्न अवश्य सकिन्छ होला।

रमेश – किन नसक्नु नि। एकले थुकी सुकी सयले थुकी नदी भनेझैँ आफ्नो क्षेत्रका सबै जनसमुदाय मिल्ने हो भने गर्न नसकिने कामै होइन नि।

नरेश – यसका लागि ट्राफिक सचेतना कार्यक्रम सवारी चालक अनुमति पत्रको उचित व्यवस्था, कानूनको कार्यान्वयन जस्ता कुराले महत्वपूर्ण भूमिका निर्वाह गर्छ।

रमेश – यातायात दुर्घटनालाई न्यूनीकरण गर्न सबै पक्षको एउटै आवाज र कार्य हुनै पर्ने रहेछ।

नरेश – म पनि तिम्रो यस विचारसँग सहमत छु।

रमेश – अब त निकै अबेर भयो।

नरेश – अबेर त भयो । बरु अघिको मोटरसाइकल चालकको अवस्था कस्तो छ? एकपटक अस्पतालतिर जाने हो कि ?

रमेश – जाऔँ न त

(दुवै जिल्ला अस्पतालतर्फ लाग्छन्।)

२. **प्राकृतिक प्रकोपका कारण, असर र समाधानका बारेमा स्थानीय तहका पदाधिकारीहरूसँग लिइने अन्तर्वार्ता तयार पार्नुहोस्।**

➲ मिति २०७७/३/२६ गते सिमलचौर गाउँपालिका कास्कीका पालिका अध्यक्षसँग प्राकृतिक प्रकोपका कारण, असर र समाधानका बारेमा स्थानीय दैनिक पत्रिका सूर्यमुखी का पत्रकारले अन्तर्वार्ता लिए। उक्त अन्तर्वार्ताको महत्त्वपूर्ण अंश यस प्रकार रहेको छ।

पत्रकार – पालिका अध्यक्ष ज्यूमा हार्दिक नमस्कार!

अध्यक्ष – नमस्कार !

पत्रकार – सबभन्दा पहिले अध्यक्षज्यूलाई जिज्ञासा राखुँ, हाम्रो पालिकामा प्राकृतिक प्रकोपको अवस्था कस्तो छ ?

अध्यक्ष – धन्यवाद! यो गहन प्रश्न राख्नुभयो। हाम्रो पालिकाका अधिकांश क्षेत्रका बस्ती पहाडी भेगमा भएकाले वर्षायाममा पहिरोले दुःख दिइरहन्छ।

पत्रकार – पहिरोमात्र कि अन्य खालका प्रकोप पनि छन् ?

अध्यक्ष – केही बस्तीहरू सिमलचौरको पश्चिमबाट बग्ने सिमले खोलाका किनारमा भएकाले कहिलेकाहीँ बाढीले गाउँलेलाई दुःख दिने गरेको छ?

पत्रकार – प्राकृतिक प्रकोप समाधान गर्न पालिकाले के कस्ता कार्य गरिरहेको छ त?

अध्यक्ष – राम्रो प्रश्न गर्नुभयो। हाम्रो पालिकाको समस्या भनेकै पहिरो र बादी भएकाले यसको समाधानका लागि हामीले छुट्टै बजेटको व्यवस्था गरी कार्य गरिरहेका छौँ। पहिरोको जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा सार्‍यौँ भने हाल पनि उच्च जोखिममा रहेका १३ घरधुरीलाई सुरक्षित ठाउँमा सार्ने योजना छ। अनि अर्को कुरा बस्ती सारिएका ठाउँमा पहिरो रोक्नका लागि नर्कट लगायत वभिन्न जातका बिरुवा लगाउने काम पनि भइरहेका छ।

पत्रकार – यो असाध्यै राम्रो काम भयो। सिमले खोलाको बाढी रोक्नचाहिँ केही गर्नु भएको ?

अध्यक्ष – अवश्य गरेका छौँ । गत वर्षको बजेटबाट खोलाका दुवै किनारमा तारजालीसहितको ढुङ्गाको पर्खाल लगाउने काम भएको छ भने अब बाँकी १ कि. मि. का लागि बजेट छुट्याउने काम भएको छ। आउने वर्षदेखि बादीको असरबाट बस्ती र खेतबारी कटान हुन रोकिने संभावना छ।

पत्रकार - यस्ता काममा पालिकाका जनताको सहयोग कस्तो छ त?

अध्यक्ष - जनताले राम्रै सहयोग गरिरहेका छन् । अहिले जनतामा कुनै राजनीतिक दलभन्दा गाउँको विकास ठूलो भन्ने चेतना आइसकेको छ।

पत्रकार - यो त असाध्यै राम्रो कुरा हो । नत्र त कतिपय स्थानीय निकायमा दलगत स्वार्थका कारण विकास हुन सकेको नै हुँदैन।

अध्यक्ष - ठिक भन्नुभयो । तर हाम्रो पालिकामा दलगत स्वार्थका कारण विकासको काम रोकिएको छैन।

पत्रकार - आफ्नो अमूल्य समय दिनुभएकोमा यहाँलाई धन्यवाद छ।

अध्यक्ष - आफ्ना कुरा राख्ने अवसर दिनुभयो। यहाँ र यहाँको पत्रिका परिवारलाई धन्यवाद छ।

**३. दिइएको प्रतिवेदनको नमुना पढ्नुहोस् र दिइएका शीर्षकमा प्रतिवेदन तयार पार्नुहोस्:**

**➲ हाजिरीजवाफ प्रतियोगिता**

श्री जनता माध्यमिक विद्यालय, सुन्दर बजार, लमजुङले आफ्नो स्थापनाको स्वर्ण महोत्सवको अवसर पारेर त्यस नगरपालिकाका सातओटा माध्यमिक विद्यालयका विद्यार्थीहरूबिच हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरेका थियो । २०७७ साल साउन २६ गते बुधबार आयोजना गरिएको उक्त कार्यक्रमको व्यवस्थापन तथा संयोजन लमजुङमैत्री समाज, काठमाडौंले गरेको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री राजु गुरुङका अध्यक्षता र नगर प्रमुखको प्रमुख आतिथ्य रहेको उक्त कार्यक्रमको सञ्चालन मैत्री समाजका सचिवले गर्नुभएको थियो। उक्त हाजिरीजवाफ प्रतियोगितामा सहभागी विद्यालय धेरै भएकाले छनोट चरण र फाइनल चरण गरी दुई चरणको व्यवस्था गरिएको थियो। फाइनल चरणलार्य सामान्य ज्ञान चरण, पाठ्यक्रम चरण, श्रव्यदृश्य चरण र बजर चरण गरी खेलाइएको सो प्रतियोगितामा विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थीका साथै तयस क्षेत्रका समाजसेवी तथा शिक्षाप्रेमीहरूको उल्लेख्य सहभागिता थियो। अत्यन्त कडा प्रतिस्पर्धाका बीच जारी रहेको सो कार्यक्रममा श्री सरस्वती माविले प्रथम, श्री सहिद माविले द्धितीय र श्री भक्ति नमुना माविले तृतीय स्थान हासिल गरेका थिए।

एघार बजेको निर्धारित समयमै सुरु भएको सो कार्यक्रम साढे दुई घण्टा अनवरत चलेको थियो र अन्त्यमा कार्यक्रममा प्रथम, द्धितीय, तृतीय तथा सान्त्वना पुरस्कार प्राप्त गर्ने विद्यालयका विद्यार्थीहरूलाई प्रमुख अतिथिले प्रमाणपत्र, ट्रफी र नगदले पुरस्कृत गर्नुहुँदै छोटो मन्तव्य पनि राख्नुभएको थियो । अन्त्यमा कार्यक्रममा सहयोग पुऱ्याउने महानुभावहरूलाई सभाध्यक्षले धन्यवाद दिनुभई कार्यक्रम विसर्जन गर्नुभयो। कार्यक्रमपछाडि जलपानको आयोजनासमेत गरिएको थियो।

यस कार्यक्रमले विद्यार्थीको समग्र बौद्धिक क्षमताको अभिवृद्धि गर्नुका साथै सहभागिता र सहकार्यका भावना पनि विकास गर्ने देखियो । यस कार्यक्रमले प्रतिस्पर्धात्मक क्षमताको पनि प्रदर्शन गरेको छ भने सामाजिकीकरणको

प्रक्रियालाई पनि सहयोग पुऱ्याएको छ । भविष्यमा यस्ता खालका कार्यक्रम स्थानीय स्तरमा मात्र नभएर जिल्ला र प्रदेश स्तरमा समेत गर्नु आवश्यक देखिन्छ।

प्रतिवेदक
हर्कराज दुरा
सचिव, लमजुङ मैत्री समाज, काठमाडौँ

(क) **प्रतिवेदन**

**'वार्षिकोत्सव सम्पन्न'**

मिति २०७७/१/२४ गते तिलिचो मा. वि. नेपालनगरको दसौँ वार्षिक उत्सव भव्यताका साथ सम्पन्न भयो। सञ्चालन समितिका अध्यक्ष रामगोपाल तामाङको सभापतित्व र स्थानीय समाजसेवी मनोज आङ्दङ्वेको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रम विद्यालयका नेपाली विषयशिक्षक भोजराज बरालले सञ्चालन गर्नु भएको थियो।

ठूलो सङ्ख्यामा विद्यार्थी, अभिभावक तथा अतिथिहरूको उपस्थिति रहेको उक्त वार्षिक समारोह ठिक १० बजे आरम्भ भएको थियो। कक्षा १२ का विद्यार्थीहरूको स्वागत गीतबाट सुरु भएको कार्यक्रममा सह प्रा. श्रीमती सरला लिम्बूले स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो । स्वागत मन्तव्यपछि प्रमुख अतिथिले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको औपचारिका उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा विद्यालयका प्राचार्य सन्तोष नेपालीले विद्यालयको वार्षिक प्रतिवेदन पेस गर्दै शैक्षिक उन्नयनका लागि विद्यालयले आगामि दिनमा अवलम्बन गर्ने नीति तथा योजनाका बारे प्रष्ट पार्नुभयो। त्यसैगरी अभिभावक श्री वसन्त थापाले विद्यालयले प्रदान गर्दै आएको गुणस्तरीय शिक्षा र यसका कमी कमजोरीका बारेमा बोल्दै सुझाव समेत दिनुभएको थियो। स्थानीय बुद्धिजीवी श्रीमती सुशीला शेरचनले नेपालको शैक्षिक अवस्था र त्यसलाई उकास्न चालिनुपर्ने कदमका बारेमा प्रष्ट पार्नुभयो । उक्त कार्यक्रममा परीक्षामा उत्कृष्ट स्थान ल्याउन सफल विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो। करिब ३ घण्टासम्म चलेको कार्यक्रमको अन्त्यतिर विद्यार्थीहरूले विभिन्न गीत तथा रोचक नृत्य प्रस्तुत गरेका थिए।

कार्यक्रमको अन्त्यमा प्रमुख अतिथिले विद्यालयले छोटो समयमा गरेको प्रगतिको सराहना गर्दै उच्च शिक्षा हासिल गरिसकेपछि विद्यार्थीहरूले आफ्नै गाउँ ठाउँ र आफ्नै राष्ट्रको उन्नतिका निम्ति पसिना बनाउनुपर्ने, आफ्नै माटोका निम्ति कर्मका पाखुरी बजार्नुपर्ने धारणा व्यक्त गर्नुभयो। प्रमुख अतिथिको मन्तव्यपछि समारोहका सभापतिले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम सकिएको घोषणा गर्नुभयो। बिहान १० बजे सुरु भई १ बजेसम्म सञ्चालित उक्त वार्षिक समारोहको विसर्जनपछि चियाखाजा खाएर सबैजना आफ्नो गन्तव्यतर्फ लाग्नुभयो।

प्रतिवेदक
लाक्पा शेर्पा
तिलियो मा. वि., नेपालनगर।